गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : ५ फाल्गुन १ गते, २०७८ साल, संख्या : ७

## भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# लेखा समिति कार्यविधि प्रथम संशोधन २०७८

## कार्यविधिमा रहेको व्यवस्था

यस गढवा गाउँपालिकामा गढवा गाउँपालिकाको लेखा समिति कार्य सञ्चालन नियमावली, २०७७ को नियम ३ मा लेखा समिति गठन सम्बन्धमा उपनियम १ र २ तपशिल बमोजिम भएकोमा

१. गाउँपालिकाको शासन ब्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तीय सुशासन कायम गराउने प्रमुख उद्देश्यले गाउँसभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिएको छ ।

| | |
|---|---|
| (क) गाउँसभाका सदस्यका रूपमा रहेका सदस्यहरू मध्येबाट १ जना | संयोजक |
| (ख) गाउँकार्यपालिकाको कार्यालय, योजना शाखा प्रमुख | सदस्य |
| (ग) गाउँकार्यपालिकाको कार्यालय, पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (३) गाउँकार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

२. गाउँकार्यपालिकाको कार्यालय, आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवको रूपमा काम गर्नेछन् । कुनै कारणले रिक्तताको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको कुनै कर्मचारीले सचिवको रूपमा काम गर्नेछन् ।

## संशोधन गरि कायम हुने व्यवस्था

यस गढवा गाउँपालिकामा गढवा गाउँपालिकाको लेखा समिति कार्य सञ्चालन नियमावली, २०७७ को नियम ३ मा लेखा समिति गठन सम्बन्धमा सदस्य सचिब लेखा शाखा प्रमुख रहने गरि बाँकी ४ जना सदस्यहरू कार्यपालिका सदस्यहरू बाहेक गाउँसभा सदस्यहरूबाट मनोनित हुनेगरि ५ सदस्यीय लेखा समिति रहने ।

आज्ञाले

लाल बहादुर योगी

प्रमुख प्रशासकिय अधिकृत